जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १०९ पृष्ठः ४ | २०८२ साउन ३१ गते शनिबार (Saturday 16 Aug. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## कानुनी संवादको बाटोबाट समस्या समाधान हुनुपर्छ : प्रधानमन्त्री ओली




जनकपुरधाम, ३० साउन। प्रधानमन्त्री केपी शर्मा ओलीले कानुनी संवादको बाटोबाट समस्या समाधान गर्नुपर्नेमा जोड दिएका छन्। मधेश प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवनको शुक्रबार एक कार्यक्रमबीच उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले भर्खरै जनकपुरमा बार एसोसिएसनले पत्रकार महासंघ मधेश प्रदेशको जग्गा कब्जा गर्न खोज्दा उत्पन्न विवाद प्रसंगलाई लक्षित गर्दै यस्तो बताएका हुन्।

उनले भने 'कानुन संवादबाट हुने कुरा जोर-जबरजस्ती गर्न खोज्ने काम हुनु हुँदैन।' उनले विगतमा देखिएका यस्ता गतिविधि न दोहोऱ्याउन आग्रह गरे। २१ करोडमा सम्पन्न भवन निर्माणमा सहयोग पुऱ्याएको मधेश प्रदेश सरकारलाई धन्यवाद दिँदै प्रधानमन्त्री ओलीले प्रहरीलाई 'जनतालाई प्रारम्भिक सेवा र न्याय दिने' संस्था बनाउने विश्वास व्यक्त गरे। उनले सुशासनका दुई पाटा-भ्रष्टाचार नियन्त्रण र जनतालाई छिटोछरितो सेवा उपलब्ध गराउनेमा सरकार कटिबद्ध रहेको बताए।

मधेशमा अन्य प्रदेशको तुलनामा बढी मात्रामा लागूऔषध (ड्रग्स) भित्रिने र बालबालिका तथा युवाहरू कुलतमा फस्ने अवस्था गम्भीर भएको प्रधानमन्त्रीको भनाइ छ। उनले राजस्व उठ्नुपर्ने तर उठिरहेको छैन भन्ने समस्यामा धेरै छिद्र रहेको

-बाँकी अन्तिम पेजमा

## मधेशको रापताप घट्यो, सारथि लाखापाखा लागे



काठमाडौं, ३० साउन। नेपाली कांग्रेस परित्याग गरी तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) गठन गर्दा महन्थ ठाकुरलाई मधेशी जनताले आदर्श पात्रको रूपमा चित्रण गरेका थिए। मुलधारको राजनीतिबाट अलग हुने निर्णय गर्दै ठाकुरले मधेश केन्द्रित मुद्दामा लाग्ने प्रणसहित २६ मंसिर २०६४ मा कांग्रेस छोडेका थिए। कांग्रेस छोडेलगत्तै मधेश राजनीतिको रापतापबाट ठाकुरले तपलोपालाई बलियो शक्ति बनाए। तर, यो १८ वर्षको बीचमा उनको रापताप सेलाउँदै गएको छ। आफैंले जन्माएको दल तमलोपा पनि अहिले उनीसँग छैन।

पार्टी गठन र एकीकरण गर्दै ठाकुरले हालसम्म चारवटा दल निर्माण गरिसकेका छन्। तपलोपा, राजपा, जसपा नेपाल हुँदै हाल लोसपाको नेतृत्वमा छन्। तमलोपा र लोसपामा पार्टी अध्यक्ष रहेका उनी राजपामा संयोजक बनेका थिए। जसपा नेपालमा दुई अध्यक्षमध्ये उनी एक बने। अहिले उनीसँग पुरानो शक्ति छैन। २०७८ सालमा लोकतान्त्रिक समाजवादी नेपाल गठन गर्ने बेला सारथि बनेका नेताहरूले उनलाई छोड्दै गएका छन्। पछिल्लो अवस्था यस्तो बनेको छ कि, दल गठन भएको चार वर्षपुग्दा समेत महाधिवशेनको तयारी गर्न सकेका छैनन्।

**जसले महन्थलाई छोडे**

२०७४ सालमा राष्ट्रिय जनता पार्टी (राजपा) गठन हुँदा ६ दलले एकता गरेका थिए। महन्थ ठाकुर नेतृत्वको तराई-मधेश लोकतान्त्रिक पार्टी, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी, महिन्द्र राय यादव नेतृत्वको तराई-मधेश समाजवादी, शरतसिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी, राजकिशोर यादव नेतृत्वको मधेशी जनअधिकार फोरम गणतान्त्रिक र अनिल झाको नेतृत्वको सद्भावना पार्टीको गठजोड भएको थियो। ठाकुरको 'टावरिङ पर्सनालिटी' भएको निष्कर्षसहित अन्य सबै दल उनलाई राजपाको संयोजक स्वीकार्न तयार भए। राजपासँग उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरमको एकता गर्ने निर्णय भयो।

-बाँकी तीन पेजमा




## प्रधानमन्त्रीसँग मधेशका मुख्यमन्त्रीको गुनासो, 'प्रहरी समायोजन नहुँदा काम गर्न सकेनौं'

जनकपुरधाम, ३० साउन। मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रधानमन्त्री केपी शर्मा ओलीसँग प्रहरी समायोजन नहुँदा प्रभावकारी रुपमा काम गर्न नसकिएको गुनासो गरेका छन्। मधेश प्रदेश प्रहरी कार्यालयको भवन उद्घाटन कार्यक्रमलाई शुक्रबार सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले संघीयताको मूलमर्मअनुसार प्रहरी समायोजन नहुँदा प्रदेश सरकारको काम



-बाँकी दुई पेजमा

## चट्याङबाट बच्न निम्न उपाय अपनाऔं।

**घरबाहिर हुँदा**
- आकाशमा बिजुली चम्किदा, गड्याङगुडुङ्ग हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौं,
- रुख वा बिजुलीको पोलमुनि नबसौं,
- छाता नओढौं.
- खेतबारीमा काम नगरौं,
- कुनै ओत नभए दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
- भुँइमा लम्पसार परेर नसुतौं।

**घरभित्र हुँदा**
- टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, विजुलीका स्वीच अफ गरौं,
- त्यस्ता उपकरण बिजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौं, मोवाइल स्वीच अफ गरौं,
- नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- झ्याल, भऱ्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं.
- भित्ता वा झ्यालमा अडेस लागेर नबसौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## विवादास्पद शिक्षा विधेयक र निजी विद्यालयको भविष्य

हालै प्रस्तावित 'विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८०' ले निजी शिक्षण संस्था, विशेषतः निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल ( प्याब्सन) लगायतका सरोकारवालामा व्यापक असन्तुष्टि सिर्जना गरेको छ। गोलबजार नगरपालिकामा प्याब्सन नगर समिति अध्यक्ष रामजिवन सिंहको नेतृत्वमा नगरप्रमुख श्याम कुमार श्रेष्ठलाई बुझाइएको ज्ञापनपत्रले निजी विद्यालयहरूमाथिको नियमन र हस्तक्षेपप्रति गम्भीर आपत्ति जनाएको छ।

विधेयकले निजी विद्यालयहरूलाई क्रमशः गैरनाफामूलक बनाउने, पूर्ण छात्रवृत्तिको व्यवस्था अनिवार्य गर्ने, शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक, पोशाक, यातायात लगायतका सेवाहरू उपलब्ध गराउनुपर्ने जस्ता प्रावधान राखेको छ। प्याब्सनको ठहरमा यस्ता प्रावधान कम्पनी ऐन, २०५८ अन्तर्गत निजी लगानीमा स्थापना भएका विद्यालयहरूको भावनाविपरीत छन्। यिनले निजी लगानीकर्ताको सम्पत्ति अधिकारमाथि प्रत्यक्ष हस्तक्षेप गर्ने खतरा उत्पन्न गर्छन्।

प्याब्सनले भनेझैँ, अहिलेको अवस्थामा निजी विद्यालयको विकल्प छैन भन्नु अतिशयोक्ति होइन। नेपालमा शिक्षाको पहुँच बढाउने, गुणस्तरमा सुधार ल्याउने, र सरकारी शिक्षाको बोझ कम गर्ने कार्यमा निजी विद्यालयहरूले महत्वपूर्ण भूमिका खेलेका छन्। विशेष गरी मध्यमवर्गीय तथा निम्न–मध्यमवर्गीय अभिभावकहरूको भरोसाको माध्यम बनेका निजी विद्यालयहरूलाई राज्यले साझेदारको रूपमा हेर्नु आवश्यक छ, न कि प्रतिपक्षको रूपमा। सरकारले शिक्षा क्षेत्रमा समान पहुँच, गुणस्तरीय शिक्षाको हक, र सामाजिक उत्तरदायित्वको मापदण्ड तोक्न सक्छ। तर त्यसलाई निजी क्षेत्रको आत्मनिर्भरता, लगानी सुरक्षा, र प्राविधिक स्वतन्त्रता सन्तुलनमा राखेर गर्नुपर्छ। वर्तमान विधेयकले यदि निजी विद्यालयहरूलाई अत्यधिक नियन्त्रणमा राख्ने र नाफा कमाउने स्वतन्त्रता नदिने नीति लिन्छ भने, यसले निजी क्षेत्रको निरुत्साह मात्र होइन, विद्यार्थी र अभिभावकहरूलाई प्रत्यक्ष असर पुऱ्याउनेछ।

नगरप्रमुख श्रेष्ठले व्यक्त गरेको समर्थन र स्थानीय सरकारको सकारात्मक दृष्टिकोण स्वागतयोग्य छ। विधेयकमा आवश्यक संशोधन गर्न सरोकारवालाको आवाजलाई संघीय तहमा पुऱ्याउने जिम्मेवारी अब स्थानीय निकायहरूसँग पनि छ। शिक्षा नीति बनाउँदा अभिभावक, विद्यालय सञ्चालक, शिक्षक, र विद्यार्थी सबैको प्रतिनिधित्व र सल्लाह अनिवार्य हुनुपर्छ।

निजी विद्यालयमाथिको नियमन आवश्यक छ, तर त्यो सहयोगात्मक र सुधारमुखी हुनुपर्छ, प्रतिशोधात्मक र नियन्त्रणकारी होइन। शिक्षा विधेयकका विवादास्पद प्रावधानहरूमा पुनर्विचार गर्दै सबै पक्षलाई समेट्ने साझा समाधान निकाल्नेतर्फ सरकार अघि बढोस् भन्ने हामी चाहन्छौं। नत्र भने, यो विधेयक शिक्षाको क्षेत्रमै अनावश्यक तनावको कारण बन्नेछ।

## सरकारद्वारा भूमिगत सिँचाइ आयोजनाको कार्यक्षेत्र विस्तार

काठमाडौं, ३० साउन। भूमिगत सिँचाइ आयोजनाको कार्यक्षेत्र विस्तार भएको छ। चितवन, मकवानपुर र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) कार्यक्षेत्र भएको आयोजनामा बारा र पर्सा थपिएका छन्। आयोजना प्रमुख विश्वबन्धु केसीका अनुसार तराई क्षेत्रमा पानीको समस्या बढेसँगै सरकारले आयोजनाको कार्यक्षेत्र विस्तार गरेको हो। चालू आर्थिक वर्षमा २४ वटा भूमिगत सिँचाइका आयोजना पूरा गर्ने लक्ष्य निर्धारण गरिएको छ। पुराना तीन जिल्लामा १२ वटा र थपिएका दुई जिल्लामा १९ करोड रुपैयाँको लागतमा १२ वटा ट्युबेल जडान गरिने छन्। ती जिल्लामा ५४ वटा ट्युबेलको माग छ।

### *प्रधानमन्त्रीसँग...*

प्रभावकारी नभएको बताएका हुन्। 'प्रहरी प्रदेश सरकारको मातहत नहुँदा व्यवस्थत रुपमा काम गर्न सकिन्,' उनले भने, 'प्रहरी समायोजनपश्चात् थप प्रभावकारी रुपमा प्रहरी र मधेश सरकारले काम गर्छ।'

मधेश सरकारकै लगानीमा प्रदेश प्रहरी बनेको र यसलाई प्रहरी समायोजनपश्चात् प्रदेश प्रहरीको हेडक्वाटरसमेत बनाइने मुख्यमन्त्री सिंहले बताए। सरकारले मधेशलाई सुख्खाक्षेत्र घोषणा गरे पनि जनताको अपेक्षाअनुसार राहत दिन नसकेको भन्दै संघीय सरकारलाई विशेष प्याकेज उपलब्ध गराउने उनले अनुरोध गरे। 'मधेशमा विशेष प्याकेजको आवश्यकता छ। म संघीय सरकारसँग विशेष प्याकेज माग गर्दछु,' उनले भने, 'चुरे जोगाउन अपिल पनि गर्न चाहन्छु।' सुनकोशी मरिन डाइभर्सनको काममा तीव्रता दिलाउन प्रधानमन्त्रीको मुख्यमन्त्री सिंहले ध्यानाकर्षणसमेत गराए।


# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कल्याणपुर, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### पोखरी ठेक्का बन्दोवस्ती सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति–२०८२।०४।३१**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ मा भएको वित्तिय अधिकार क्षेत्र, स्थानिय राजश्व परार्मश समिति तथा नगर कार्यपालिकाको निर्णय बमोजिम यस नगरपालिका अन्तर्गत पर्ने पोखरीहरुको देहायका शर्तहरुको अधिनमा रही ठेक्का वन्दोवस्त गर्न पर्ने रहेकोले इच्छुक व्यक्ति,संस्था वा कम्पनिहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायका शर्तहरुको अधिनमा रही शिलबन्दी वोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ।

**पोखरीहरुको विवरण**

| क्र.सं. | साविक गा.वि.स. | साविक वडा नं. | हालको वडा नं. | कि.नं. | क्षेत्रफल | न्यूनतम ठेक्का अंक |
|---|---|---|---|---|---|---|
| १ | अर्नामा प्र.रा. पोखरी | ४ | १ | २३६ | ०–१८–१० | २५११५१ |
| २ | पोखरी (मदर्शाबाला) | २ | २ | ४९ | ०–१०–१७ | ३०५००० |
| ३ | पोखरी (दल्लु बाला) | ४ | २ | २०१ | ०–१०–१४ | २४५३०० |
| ४ | पोखरी (मिथिलेश बाला) | ७ | ३ | ४१७ | ०–४–२ | २८६०० |
| ५ | पोखरी (मदर्शा नजिक) | ७ | ४ | ११५ | ०–१४–११ | ५६१००० |
| ६ | पोखरी (धनिकलाल प्रधानवाला) | ५ | ४ | २३५ | ०–५–५ | २५४१०० |
| ७ | पोखरी (बाबुसाह बाला) | २ | १० | गाउँ वलोक | | ३९८२०० |
| ८ | पोखरी (बंठिया) | ९क | १० | ६८ | ०–१९–५ | ५०६००० |
| ९ | पोखरी (प्रधानबाला) | ३ | १० | ८५ | ०–६–५ | ३३०००० |
| १० | पोखरी (प्रचिलवा) | ७क | १० | २२२ | ०–७–० | १०५०५० |
| ११ | कटहा पोखरी | ६क | १२ | २०२ | ३–१६–५.५ | १५००००० |
| १२ | वेल्हा कट्टी पोखरी | ९ | १२ | १५२ | ०–१३–५ | ४०५९०० |

**शर्तहरुः–**

१. यो सुचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र उल्लेखित बोलपत्र फारम निवेदन सहित दस्तुर रु १०००।–(पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखावाट फारम खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको वोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रस्टसंग अध्ययन गरी सम्बन्धीत व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी खाम वाहीर ठेक्काको नाम, प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६ औ दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ। दर्ता भएको वोलपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।

३. वोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।

४. शिलवन्दी वोलपत्र साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी बापतको रकम कार्यालयको माच्छापुच्छ्रे बैंक शाखा कार्यालय कल्याणपुरमा रहेको धरौटी खाता नं.०८१०११०८१८५०००४२ मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

५. वोलपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।

६. ठेक्का अवधि आ.ब.२०८४।०८५ को असार मसान्त सम्म हुनेछ।

७. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन।

८. दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. स्वीकृत भएको वोलपत्र पेश गरको वोलपत्रदाताले आफुले कवोल गरेको रकमको प्रथम किस्ता वापतको रकम सम्झौता हुनुपुर्व यस कार्यालयको नाममा माच्छापुच्छ्रे बैंक शाखा कार्यालय कल्याणपुरमा रहेको आन्तरिक राजश्व खाता नं.०८१०११०८१८४०००७६ मा रकम दाखिला गरेको सक्कलै भौचर पेश गर्नुपर्ने छ। कार्यालयले दिईएको म्याद भित्र रकम दाखिला हुन नसकेमा सो पछिको वोलपत्रदाताको वोलपत्र स्वीकृत गरी ठेक्का बन्दोवस्ती गरिने छ।

१०. दोश्रो र तेश्रो किस्ताका लागि सम्झौता पुर्व नै बैंक जमानत पेश गर्नु पर्नेछ।

११. स्वीकृत ठेक्का अंकमा नियमानुसार लाग्ने कर ठेकेदारले स्वयं बुझाउनु पर्नेछ। अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका वखत निर्धारित हुनेछ।

१२. वोलपत्र सम्वन्धी केही कुरा बुझ्न परेमा राजश्व शाखामा सम्पर्क राखी वुझ्न सकिनेछ।

**कल्याणपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सिरहा



# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**गोलबजार, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### भवन अभिलेखिकरण सम्बन्धी सूचना

**प्रकाशित मिति २०८२ श्रावण ३० गते**

नगरपालिका क्षेत्रभित्र निर्माण हुने नयाँ घर तथा संरचना नक्सा पास गरेर मात्र बनाउन हुन अनुरोध छ। साथै, यस गोलबजार नगरकार्यपालिकाको मिति २०८२/०४/३० गतेको निर्णयानुसार यस नगरपालिका भित्र हालसम्म मापदण्ड अनुसार इजाजत लिई बनेको घरुहरु समयमा सम्पन्न हुन नसकेको घरहरुलाई एकपटकको लागि तोकिएको जरीवाना लिई घरनक्सा पास गर्ने तथा घरनक्सा पास इजाजत नलिई बनेको पुराना घरहरुको अभिलेख राख्न घरनक्सा अभिलेखीकरण मिति २०८३ असारमसान्तसम्मका लागि सुचारु गर्ने निर्णय भएको हुँदा निर्माण सम्पन्न भइसकेका पुराना घरहरुको अभिलेखीकरण गराउनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नगरपालिकमा पेस गर्नुपर्ने कागजातहरुको विवरण**

१. जग्गा धनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि १ प्रति
२. जग्गधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि – १
३. चालु आ.व. को जग्गाको मालपोत तिरेको रसिदको प्रतिलिपि – १
४. घर बनेको जग्गाको फाईल नक्साको सक्कल प्रमाणित प्रतिलिपि – १ प्रति
५. निवेदकको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो – ३ प्रति
६. यस नगरपालिकामा सूचीकृत भएको कन्सल्टेन्सीबाट तयार भई सही छाप भएको घर नक्सा – २ प्रति
७. चारकिल्ला प्रमाणित सिफारिसको प्रतिलिपि – १ प्रति

**गोलबजार नगरपालिका, सिरहा**

# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कल्याणपुर, सिरहा
मधेश प्रदेश, नेपाल

**हाटबजारको सेवा शुल्क ठेक्काको बोलपत्र आह्वान सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति–२०८२।०४।३१**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ मा भएको वित्तिय अधिकार क्षेत्र, स्थानिय राजश्व परामंश समिति तथा नगर कार्यपालिकाको निर्णय बमोजिम यस नगरपालिका अन्तर्गत पर्ने हाटबजारको सेवा शुल्क आय शिर्षकमा आ.ब.२०८२।०८३ को असार मसान्त सम्मको लागि अग्रिम एकमुष्ट रकम बुझाउने गरी ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति,संस्था वा कम्पनिहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायका शर्तहरुको अधिनमा रही शिलबन्दी वोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | बजारको नाम | न्युन्तम दर (मु.अ.क.बाहेक) |
|---|---|---|
| १ | बनिनियाँ र अर्नामा बजार | ५०,०००/– |
| २ | चतरी बजार | ४०,०००/– |
| ३ | इटारी प्रसाही बजार | २,००,०००/– |
| ४ | चिकना बजार | २,००,०००/– |
| ५ | करुन्याही बजार | ३०,०००/– |
| ६ | रमना बजार | ३०,०००/– |
| ७ | कल्याणपुर पुरानो र ग्रामिण बजार | २,००,०००/– |
| ८ | भेडिया र रम्पुरा बजार | ५०,०००/– |
| ९ | बेल्हा बजार | २,००,०००/– |

**शर्तहरुः–**

१. यो सुचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र उल्लेखित बोलपत्र फारम निवेदन सहित दस्तुर रु १०००।–(पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखाबाट फारम खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको वोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रस्ट संग अध्ययन गरी सम्बन्धीत व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी खाम वाहीर ठेक्काको नाम, प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६ औ दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ। दर्ता भएको वोलपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।

३. वोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।

४. शिलवन्दी वोलपत्र साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी बापतको रकम कार्यालयको माच्छापुच्छ्रे बैंक शाखा कार्यालय कल्याणपुरमा रहेको धरौटी खाता नं.०८१०११०८१८५०००४२ मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

५. वोलपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।

६. ठेक्का अवधि आ.ब.२०८२।०८३ को असार मसान्त सम्म हुनेछ।

७. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन।

८. दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. नगरकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईने हाट बजार सेवाको दररेटहरुको बोर्ड बनाई ठेकेदारले नै राख्नु पर्नेछ।

१०. ठेक्का प्राप्त बजारबाट नगरपालिकाले तोकि दिएको भन्दा फरक आफुखुशी मूलय निर्धारण गरी रकम संकलन गरेको पाइएमा ठेकका लिने व्यक्तिबाट असूल उपर गरि कानुनी कारबाही गरिनेछ।

११. स्वीकृत भएको वोलपत्र पेश गरको वोलपत्रदाताले आफुले कवोल गरेको सम्पुर्ण रकम सम्झौता हुनुपुर्व एक मुष्ट यस कार्यालयको नाममा माच्छापुच्छ्रे बैंक शाखा कार्यालय कल्याणपुरमा रहेको आन्तरिक राजश्व खाता नं. ०८१०११०८१८४०००७६ मा रकम दाखिला गरेको सक्कलै भौचर पेश गर्नुपर्ने छ। कार्यालयले दिईएको म्याद भित्र रकम दाखिला हुन नसकेमा सो पछिको वोलपत्रदाताको वोलपत्र स्वीकृत गरी ठेक्का बन्दोवस्ती गरिने छ।

१२. स्वीकृत ठेक्का अंकमा नियमानुसार लाग्ने कर ठेकेदारले स्वयं बुझाउनु पर्नेछ। अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका वखत निर्धारित हुनेछ।

१३. वोलपत्र सम्बन्धी केही कुरा बुझ्न परेमा राजश्व शाखामा सम्पर्क राखी वुझ्न सकिनेछ।

**कल्याणपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सिरहा

## *मधेशको रापताप...*

एकीकृत दलको नामकरण 'जनता समाजवादी नेपाल' राखेर महन्थ ठाकुर र उपेन्द्र यादवबीच अध्यक्षात्मक प्रणाली लागु गरियो।

तर, पार्टीभित्र विवाद बढ्दै जाँदा एकता दिगो हुन सकेन र विभाजन हुने अवस्थामा पुग्यो। जसपा नेपाल कुन पक्षको हुने भन्ने विवाद निर्वाचन आयोगमा पुग्यो। आयोगले केन्द्रीय सदस्यलाई लाइन लगाएर कुन पक्षमा उभिने भन्दै हस्ताक्षर गरायो। बहुमत केन्द्रीय सदस्य उपेन्द्र यादवको पक्षमा उभिएपछि जसपा नेपाल पार्टीको नेतृत्व उनैले लिए। महन्थ ठाकुर आफू आवद्ध पूर्व दलका चारजना शीर्ष नेताको बलमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) गठन गर्न कस्सिए। २ भदौ २०७८ मा निर्वाचन आयोगमा लोसपा दर्ता हुँदा ठाकुरका लागि दाहिना भएर राजेन्द्र महतो, अनिल झा, शरतसिंह भण्डारी उभिए। राजपाको बेलाका ६ जनाको अध्यक्ष मण्डलका महिन्द्रा राय यादव र राजकिशोर यादवले भने लोसपा गठनको बेला साथ दिएनन्।

महन्थका लागि नयाँ दल गठन गर्न साथ दिने ४ पार्टी बरियतामा उनीपछि रहने शीर्ष तहका नेताहरूले लोसपा परित्याग गरेका छन्। महन्थपछि दोस्रो बरियतामा रहेका महतो र चौथो बरियतामा रहेका वरिष्ठ नेता अनिल झाले फरक दल गठन गरेका छन्। ठाकुरलाई छोडेर फरक दलतिर लाग्ने नेताहरूको सूची लामै छ। लोसपाका संस्थापक नेता बृषेशचन्द्र लाल, उपाध्यक्षहरू इकबाल अहमद साह, डा. विजय सिंह, कौशल सिंह, महासचिवद्वय केशव झा र डा. राजीव झा, नेताहरू चन्दा चौधरी, सुनिल रोहित, सन्तोष मेहता लगायतले पनि लोसपा छोडिसकेका छन्।

लोसपा गठन भएको दुई वर्ष नपुग्दै वरिष्ठ नेताको पद छोडेर महतो नयाँ अभियानतिर लागे। महतोले १४ फागुन २०८० मा 'राष्ट्रिय मुक्ति क्रान्ति' नामक अभियान घोषणा गरेका थिए। असोज २०८१ मा महतोको नेतृत्वमा राष्ट्रिय मुक्ति पार्टी गठन गरियो। पार्टी परित्याग गरेर अर्को दल गठन हुनुमा महतोले अध्यक्ष महन्थको अकर्मण्यतालाई कारण देखाएका थिए। पार्टी केन्द्रीय सदस्य विस्तार हुन नसक्नु, विभाग र समितिहरू गठन गर्न नसकेको आरोप महतो पक्षले अध्यक्ष ठाकुरमाथि लगाएको थियो। भ्रातृ सङ्गठन, प्रदेश, जिल्ला समितिले पूर्णता नपाएकोप्रति महतो पक्षले पटकपटक चासो देखाए पनि अध्यक्ष ठाकुरले सुनुवाइ नगरेको महतो पक्षको भनाइ थियो।

लोसपा छोडेर हाल महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टीका महासचिव बनेका केशव झाले पहिचान र अधिकारको मुद्दा आफूहरूले उठाए पनि पार्टी अध्यक्ष महन्थ ठाकुरले बेवास्ता गरेको बताए। 'कांग्रेस, एमाले र माओवादीको पिछलग्गु जस्तो भएर काम गरेर हुँदैन भनिरहँदा शत्रुवत व्यवहार गरियो,' लोसपा त्यागेका झा भन्छन्, 'जे गर्दा पनि नहुने अवस्था सिर्जना भयो। कांग्रेसभित्रै १० वटा पार्टी चलाएर बस्दा कारबाही नहुने तर त्यहाँ सुझाव दिँदा भोग्नुपर्ने अवस्था आएपछि छोडेर हिँड्नुपर्‍यो। देश बनाउने नेतृत्व लोसपाले गर्नुपर्छ भनेर आवाज उठाउँदा अपमान गरियो, त्यो दलमा बस्न सकिएन।'

यता, लोसपाका महासचिव मनिष मिश्रका अनुसार अध्यक्ष ठाकुर र वरिष्ठ नेता महतोबीच पार्टी गठनको सुरुवातदेखि नै सम्बन्ध समधुर थिएन। मिश्रले भने, 'केन्द्रीय कमिटी बनाउने बेलादेखि नै उहाँका बिमति थियो। असन्तुष्टिहरू केन्द्रीय कमिटीको बैठकमा राख्न भन्यौं। बैठकमा एकपटक बोल्नुभयो। त्यसपछि बैठकमा बोल्नुसमेत भएन।' मिश्रका अनुसार महतोले जिल्लामा पुगेर पार्टीविरुद्ध अभियान नै चलाएका थिए। पार्टीमा हावी हुनसक्ने अवस्था नदेखेपछि महतो अर्को दल गठन गर्नतिर लागेको आरोप मिश्र लगाउँछन्।

मधेशको राजनीतिमा सक्रिय व्यक्तिको पहिचान बनाएका अनिल झाले समेत लोसपा त्यागेका छन्। लोसपा परित्याग गरेका एक नेताका अनुसार नेता झालाई अध्यक्ष ठाकुरले जगेडाको रूपमा राखेका थिए। उनी भन्छन्, 'कुनै भूमिका नदिएपछि सद्भावना पार्टीको पुनर्गठनमा लाग्नुभयो,' मधेशको राजनीतिमा लामो इतिहास बनाएका झा अब महन्थलाई साथ दिन नसक्ने अवस्थामा पुगेका छन्।

करिब ६ महिना अघिदेखि लोसपाको क्रियाकलापमा सहभागी हुन छोडेका झा पार्टी बैठकमा जानसमेत छोडेका थिए। महन्थ निकट लोसपाका नेता सुरेन्द्र झाका अनुसार अनिलकुमार झाले एक महिनाअघि नै पार्टीबाट राजीनामा दिएका थिए। त्यतिबेलै अध्यक्ष ठाकुरले राजीनामा स्वीकृत गरेका थिए।

महन्थ नेतृत्वको लोसपाले मधेशीका एजेन्डा बोक्न नसक्ने निचोडसहित नयाँ बाटो लागेको झाले बताए। बिहीबार पत्रकार सम्मेलन गरी झाले निष्क्रिय रहेको नेपाल सद्भावना पार्टीलाई पुनर्गठन गर्ने घोषणा गरे। झाले आफू अध्यक्ष रहेर ९१ जनाको केन्द्रीय समिति गठन गरेका छन्। पत्रकार सम्मेलनमा जानकारी गराएअनुसार झा नेतृत्वको सद्भावनालाई निर्वाचन आयोगले मान्यता दिइसकेको छ। लोसपा छोड्न पर्नुको कारणबारे सोधिएको प्रश्नमा पुनर्गठित सद्भावनका अध्यक्ष झाले भने, 'छोडिसकेको पार्टीको बारेमा र वृद्ध व्यक्तिले सञ्चालन गरेको पार्टीबारे म केही भन्न चाहन्न।'

सद्भावना पार्टी एकीकरणको पक्षमा नभए पनि विगतमा परिबन्दमा परेर एकता गरेको झा बताउँछन्। मधेशको चिन्ता गर्ने दलहरू नभएकै कारणले ८ वर्ष ३ महिनापछि पुनः सद्भावनामा फर्किएर दल पुनर्गठन गर्न लागेको उनले सुनाए। लोसपामा समस्या गहिरिँदै जानुमा अध्यक्ष महन्थ ठाकुरको प्रवृत्तिगत समस्या कारण रहेको परित्याग गरेका नेताहरू आरोप लगाउँछन्। 'आफ्नो पुरानो पार्टी (तमलोपा) का नेताहरूलाई मात्रै च्याप्ने र अन्य घटकबाट आएकालाई चिन्दै नचिन्ने गर्नुभयो,' राजपा गठन हुँदा ठाकुरसँगै रहेका एक नेताले भने, 'पार्टी कार्यालय आएर २/३ बजेसम्म बस्ने र उहाँको वरिपरि आएर जो बस्छ उनीहरूकै भनेर सुनेर पार्टी चलाउने गरेर कहाँ हुन्छ ?'

नेताहरूका अनुसार अहिले महन्थका खास व्यक्ति श्रममन्त्री शरतसिंह भण्डारी हुन्। अध्यक्ष ठाकुरले छोरी डा. मिनाक्षी ठाकुरलाई पनि पार्टी राजनीतिमा अघि बढाउन खोजिरहेको लोसपा नेताहरू बताउँछन्। ठाकुरको शक्ति घट्दै गएपछि राष्ट्रिय राजनीतिसँगै तीन तहका चुनावमा समेत लोसपा खुम्चिएको छ। लोसपाका प्रतिनिधिसभामा चार, राष्ट्रिय सभामा एक सांसद छन् भने प्रदेशतर्फ मधेशमा ९ र लुम्बिनीमा ३ सांसद छन्। स्थानीय तहमा १७ पालिकामा प्रमुख पद जितेको लोसपाले वडाध्यक्षमा १०३ स्थानमा जितेको थियो।

**महाधिवेशन प्रक्रियाले लिएन गति**

लोसपा हाल तदर्थ समितिमा सञ्चालित छ। पार्टी गठन भएको चार वर्ष पुग्न लाग्दासमेत केन्द्रीय समितिले पूर्णता पाउन सकेको छैन। ४०१ जना हुनुपर्ने केन्द्रीय समितिमा हाल ३६९ जनाको तदर्थ समिति छ। ७१ जना पदाधिकारी छन्। पार्टी गठनको पाँच वर्षभित्र महाधिवेशन गर्नुपर्ने बाध्यात्मक अवस्थामा लोसपा छ। लोसपालाई एक वर्षभित्र महाधिवेशन गर्नैपर्ने बाध्यता रहे पनि २०८३ भदौभित्र महाधिवेशन गर्नेगरी कार्यतालिका सार्वजनिक गर्न सकेको छैन।

'महाधिवेशनको कार्यतालिका आएको छैन। तल्लो तहमा अलिअलि अधिवेशन सुरु भइसकेको छ। कमिटी गठन नभएका ठाउँमा के गर्ने निर्णय हुन बाँकी छ,' लोसपा महासचिव मिश्र भन्छन्, 'समय धेरै बाँकी छ। पाँच वर्षभित्र महाधिवशेन गर्छौं।' महासचिव मिश्रका अनुसार महाधिवेशन भएको अवस्थामा अध्यक्ष निर्विकल्प पात्र महन्थ हुनेछन्। उनी भन्छन्, 'उहाँले अवसर दिएर अरूको लागि ठाउँ खाली गर्न खोजिरहनुभएको छ। तर अध्यक्ष जस्तै व्यक्तित्व भएर प्रतिस्पर्धा गर्ने अरू कोही देखिँदैन।'

## *कानुनी संवादको ...*

उल्लेख गर्दै खास लागूऔषध कारोबारलाई कडाइका साथ नियन्त्रण गर्नुपर्ने र खुला सिमानाको नाजायज फाइदा उठाउनेहरूलाई रोक्नुपर्नेमा जोड दिए। मधेशमा निर्दोषलाई फसाउने र दोषीलाई उम्काउने गतिविधि भइरहेको भन्दै यसलाई तत्काल अन्त्य गर्नुपर्नेमा उनले जोड दिए। राजनीतिक प्रसंगमा उनले संघर्षबाट आएका नेताहरूको देशप्रतिको योगदान र माया हुने तर 'नयाँ शक्ति, भवितव्यले खुलेका पार्टी' का नेताहरूको योगदान शून्य रहेको टिप्पणी गरे। 'जसको आफ्नो योगदान छैन, ऊ सदनमा आएर भत्ता पकाउने मात्र गर्छ,' उनले भने।

# पत्रकार यादवमाथि आक्रमण

**सुधा देव**

सप्तरी, ३० साउन। राजविराज नगरपालिकाको मुख्य सडकमै सप्तरीका पत्रकार सौरभ यादवमाथि शुक्रबार दिउँसो सांघातिक आक्रमण भएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता जितेन्द्र बस्नेतका अनुसार मोटरसाइकलमा आएका तीन जनाको समूहले यादवको हातमा छुरा प्रहार गरेका छन्। उहाँको टाउको र शरीरको विभिन्न अङ्गमा हेलमेटले कुटपिट गरेर भागेका छन्।



घाइते भएका पत्रकार यादवको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भइरहेको छ। यता नेपाल पत्रकार महास सप्तरीले घटनाप्रति आपत्ति व्यक्त गर्दै आक्रमण गर्ने दुई जना र उनीहरुलाई साथ दिने मोटरसाइकल चालकलाई अविलम्ब पक्राउ कारबाही गर्न जिल्ला प्रहरी कार्यालय सप्तरी र जिल्ला प्रशासन कार्यालय सप्तरीसँग माग गरेका छन्। यस्तै, बस्नेतले घटनामा संलग्न व्यक्तिको खोजी भइरहेको जानकारी दिनुभयो।

# कल्याणपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### कल्याणपुर, सिरहा

मधेश प्रदेश, नेपाल

**नदिको बालुवा, गिट्टी र माटो कर उठाउने सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति-२०८२।०४।३१**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ मा भएको वित्तिय अधिकार क्षेत्र, स्थानिय राजश्व परामर्श समिति तथा नगर कार्यपालिकाको निर्णय बमोजिम यस नगरपालिकाको कमला नदी, घुर्मि नदी र बतहा नदिको बालुवा, गिट्टी, माटोको कर उठाउन तपसिलको शर्तहरुको अधिनमा रही ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति,संस्था वा कम्पनिहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रित पुर्वकको शिलबन्दी वोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | नदिको नाम | न्युन्तम दर (मु.अ.क.बाहेक) |
|---|---|---|
| १ | कमला नदी (भेडिया देखि वेल्हा सम्म) | ५,००,०००/- |
| २ | घुर्मि नदी | ४,००,०००/- |
| ३ | बतहा नदी | १,००,०००/- |

**शर्तहरुः-**

१. यो सुचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र उल्लेखित बोलपत्र फारम निवेदन सहित दस्तुर रु १०००।-(पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखावाट फारम खरिद गर्न सकिनेछ।
२. खरिद गरिएको वोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रस्ट संग अध्ययन गरी सम्बन्धीत व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी खाम वाहीर ठेक्काको नाम, प्रेषकको नाम र ठेगाना प्रष्टसंग लेखी १६ औ दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ। दर्ता भएको वोलपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।
३. वोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।
४. शिलवन्दी वोलपत्र साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी बापतको रकम कार्यालयको माच्छापुच्छ्रे बैंक शाखा कार्यालय कल्याणपुरमा रहेको धरौटी खाता नं.०८१०११०८१८५०००४२ मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।
५. वोलपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।
६. ठेक्का अवधि आ.ब.२०८२।०८३ को असार मसान्त सम्म हुनेछ।
७. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन।
८. दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।
९. नगरकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईने हाट बजार सेवाको दररेटहरुको बोर्ड बनाई ठेकेदारले नै राख्नु पर्नेछ।
१०. ठेक्का प्राप्त नदीबाट नगरपालिकाले तोकि दिएको भन्दा फरक आफुखुशी मूलय निर्धारण गरी रकम संकलन गरेको पाइएमा ठेकका लिने व्यक्तिबाट असूल उपर गरि कानुनी कारबाही गरिनेछ।
११. स्वीकृत भएको वोलपत्र पेश गरको वोलपत्रदाताले आफुले कवोल गरेको रकमको ५० प्रतिशत रकम सम्झौता हुनुपुर्व एक मुष्ट यस कार्यालयको नाममा माच्छापुच्छ्रे बैंक शाखा कार्यालय कल्याणपुरमा रहेको आन्तरिक राजश्व खाता नं. ०८१०११०८१८४०००७६ मा रकम दाखिला गरेको सक्कलै भौचर पेश गर्नुपर्ने छ। कार्यालयले दिईएको म्याद भित्र रकम दाखिला हुन नसकेमा सो पछिको वोलपत्रदाताको वोलपत्र स्वीकृत गरी ठेक्का बन्दोवस्ती गरिने छ।
१२. ५० प्रतिशत रकमको बैंक जमानत सम्झौता पुर्व नै पेश गर्नु पर्नेछ।
१३. स्वीकृत ठेक्का अंकमा नियमानुसार लाग्ने कर ठेकेदारले स्वयं बुझाउनु पर्नेछ। अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका वखत निर्धारित हुनेछ।
१४. वोलपत्र सम्बन्धी केही कुरा बुझ्न परेमा राजश्व शाखामा सम्पर्क राखी वुझ्न सकिनेछ।

**कल्याणपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सिरहा


# मेयरकै संरक्षणमा अवैध उत्खनन, स्थानीय र दलले गरे छानबिनको माग

उदयपुर, ३० साउन। नगरपालिकाकै संरक्षणमा उदयपुरमा नदीजन्य पदार्थको अवैध उत्खनन भएको पाइएको छ। चुरे संरक्षण क्षेत्रभित्र पर्ने चौदण्डीगढी नगरपालिका–४ कालिखोलाबाट अवैध रुपमा गिट्टी, बालुवा र माटो उत्खनन भएको हो। 'राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि' अनुसार जेठ ३१ देखि असोज १ सम्म नदीजन्य पदार्थको उत्खनन गर्न नपाइने भए पनि नगरपालिकाकै संरक्षणमा राष्ट्रिय गौरवका आयोजनाको नाममा अवैध उत्खनन भइरहेको हो।

चौदण्डीगढी–७ स्थित सीताराम कन्स्ट्रक्सन प्रालिले कञ्चनपुर–कमला पूर्वी खण्ड सडक निर्माण गरिरहेको चाइना रेलवे नं. २ इन्जिनियरिङ कम्पनी लिमिटेडका लागी गिट्टी, बालुवा र माटो उत्खनन गरी पठाउने गरेको सीताराम कन्स्ट्रक्सनका सञ्चालक तेजनारायण शाहले बताए। चौदण्डीगढी नगरपालिका–४ स्थित केशवबहादुर भुजेलको निजी जग्गाबाट माटो उत्खनन गरिएको भनिए पनि ऐलानी जग्गाबाट उत्खनन गरिएको स्थानीयले बताएका छन्।

कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८१ को अनुसूची ११ अनुसार नदीजन्य पदार्थ उत्खननमा पूर्ण रुपमा प्रतिबन्ध लगाइएको अवधिमा संवेदनशील क्षेत्रबाट ६ हजार घनमिटर माटो निकाल्ने गरी साउन ४ गतेबाट ३ वटा एक्स्काभेटर र १७ वटा टिपर प्रयोग गरी उत्खनन गरेको पाइएको छ। ऐन अनुसार यस अवधिमा सरकारी, ऐलानी र निजी कुनै पनि जग्गाबाट नदीजन्य पदार्थ उत्खनन गर्न पाइँदैन। तर, सीताराम कन्स्ट्रक्सनका सञ्चालक तेजनारायण शाहले आफूले सडक विभागअन्तर्गतको आयोजना निर्देशनालय (एडीबी) बाट असार ८ गते प्राप्त भएको पत्र र चौदण्डीगढी नगरपालिकाका मेयर कालुमान लामाको अनुमतिका आधारमा माटो उत्खनन गरेको दाबी गरेका छन्। उनका अनुसार चौदण्डीगढी–४ कालिखोलास्थित ३८ कट्ठा जग्गामध्ये हाल १५ कट्ठा क्षेत्रबाट प्रारम्भिक वातावरणीय अध्ययन (आईई) गरेर ६ हजार घनमिटर माटो उत्खनन गरिएको छ।

गैरकानुनी रुपमा नदीजन्य पदार्थको उत्खनन सुरु भएपछि स्थानीयले चर्को विरोध जनाएका थिए। सोही समयमा घटनाबाट पन्छिन मेयर लामा पारिवारिक भ्रमण भन्दै चीन प्रस्थान गरेका थिए। विवादले उग्र रुप लिएपछि उनी बुधबार नगरपालिका आइपुगेका छन्। स्थानीयहरुले उत्खननका विषयमा जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिलाई जानकारी गराएपछि बिहीबार इलाका प्रहरी कार्यालय, बेल्टारले उत्खनन क्षेत्रबाट १७ वटा टिपर नियन्त्रणमा लिएर शसस्त्र क्याम्प सातधारेमा राखेको छ।

नियन्त्रणमा लिइएका टिपरलाई कानुनअनुसार कारबाही गरिने प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल र जिल्ला समन्वय समितिका प्रमुख गौरबहादुर विश्वकर्माले बताए। मेयर लामाले भने कुनै प्रतिक्रिया दिन मानेनन्। उपमेयर मणिकादेवी दुलालले भने नगरपालिकालाई जानकारी नदिई उत्खनन भएको बताइन्।

**घटनाको चौतर्फी आलोचना**

घटनाका विषयमा चौदण्डीगढी नगरपालिकामा क्रियाशील राजनीतिक दल कांग्रेस, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेकपा एस र राष्ट्रिय प्रजातन्त्र पार्टीले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै अवैध उत्खननमा संलग्न सबैलाई कारबाही गर्न माग गरेका छन्। जनप्रतिनिधिले आफ्नो स्रोत, शक्ति र अधिकारको दुरुपयोग गर्दै आन्तरिक मिलेमतोमा कानुनविपरीत काम गरेकाले कडा कारबाही गर्न सम्बन्धित पक्षलाई अनुरोध गरिएको छ।

**कार्यपालिका बैठक बहिष्कार**

यही विषयमा छलफल गर्न बिहीबार दिउँसो बोलाएको नगर कार्यपालिकाको बैठक वडाध्यक्ष र कार्यपालिका सदस्यहरुले बहिष्कार गरेका छन्। वडा नं. ७ का अध्यक्ष केशव अधिकारी, कार्यापालिका सदस्य तिलावती राई र उदयराज भुजेलले बैठक बहिष्कार गरेका हुन्। घटनाको विषयमा सत्यतथ्य छानबिन गर्न र दोषीलाई कारबाही गर्न आफूहरुले बैठकमा माग गरे पनि मेयर लामाले चासो नदिएकाले बैठक बहिष्कार गरेर बाहिर निस्किएको वडाध्यक्ष अधिकारीले बताए। 'हाम्रो माग नदीजन्य पदार्थको उत्खनननका विषयमा सत्यतथ्य छानबिन गरौं भन्ने थियो तर मेयरसाबले घटनालाई अतिरञ्जित नगर्न र नगरको नेतृत्वविरुद्ध नबोल्न दबाब दिनुभयो,' उनले भने, 'हामीले मेयरसाबको गलत कामलाई आँखा चिम्लिनु भन्ने आग्रह स्वीकार्न सकेनौं र बैठक बहिष्कार गरेर बाहिर निस्कियौं।'

वडाध्यक्ष र कार्यपालिका सदस्यहरुले बैठक बहिष्कार गरेपछि मेयर लामाले विवादित छविका वडाध्यक्ष तथा नगरप्रवक्ता प्रकाश राउत, अवैध उत्खननमा संलग्न रहेको आरोप लागेका वडा नं. ४ का वडाध्यक्ष लुंगाराज राई र इन्जिनियर पंकज राई गरी ३ जनाको छानबिन समिति बनाएका छन्।

वडाध्यक्ष राउत स्थानीय सुनिता श्रेष्ठ, कांग्रेसका नगर सचिव राकेश चौधरीलाई हातपात र दुर्व्यवहार गरेको आरोपमा पत्राउसमेत परेका थिए। यस्तै पत्रकार राजेन्द्र दुष्टलाई दुर्व्यवहार गरेको विषयले पनि उनी विवादित भएका थिए।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यु यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)